नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ५९ २०८१ साल असोज ९ गते बुधबार (25 Sep. 2024 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : विशिष्टीकृत क्यान्सर उपचार... ३ पृष्ठमा : बढ्दो महिला हिंसा, हत्या र ... ३ पृष्ठमा श्रीलङ्काको नयाँ वामपन्थी...

## अत्याधिक गर्मीका कारण विद्यालय बन्द तापक्रम घटेपछि व्रतालु महिला उत्साहित



**दैनिक समाचारदाता राजविराज, ८ असोज ।**

अत्याधिक गर्मी बढेका कारण सप्तरीको कंचनरुप नगरपालिकाले मंगलवार देखी २ दिनका लागी विद्यालय बन्द गरेको छ ।

एकसाता यता तापक्रम बढेर ४० डिग्री पार गरेपछि विद्यार्थीको स्वास्थमा पार्ने प्रभावलाई ध्यानमा राखी नगरक्षेत्रका सबै विद्यालय दुई दिनका लागी बन्द गरिएको नगरपालिकाले जनाएको छ ।

"गर्मी अत्याधिक बढेकाले खासगरी स-साना बालबालिकालाई निकै समस्या छ, नगर प्रमुख ललन प्रसाद गुप्ताले भने-विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावको राय अनुसार दुई दिनका लागी विद्यालय बन्द गर्ने निर्णय गरेका हौं ।"

उनले गर्मीलाई ध्यानमा राखी असोज ८ र ९ गते विद्यालय बन्द तथा असोज १० देखी १६ सम्म दिउसोको सट्टा बिहान पठनपाठन गर्ने/गराउने निर्णय भएको जानकारी समेत दिए ।

गर्मीलाई ध्यानमा राखी विद्यालय बन्द गरेकै दिन मंगलवार विहान हल्का वर्षा हुदा त्यस क्षेत्रमा केही राहत महसुस गरिएको स्थानीयले जानकारी दिएका छन ।

कंचनरुप नगरपालिका क्षेत्रमा समान्य वर्षा भएपनि सदरमुकाम राजविराजमा भने वर्षा भएन । यद्धपी हल्का बादल लागेपछी तापक्रममा केही गिरावट आउदा जितीया पर्वमा सहभागी ब्रतालु महिलाहरुले पनि केही राहत महशुस गरेका छन ।

प्रचण्ड गर्मी र घामका कारण विगत एक सातादेखी जनजीवन कष्टकर बनेको छ ।

## जसपा नेपालद्वारा १७ विभाग गठन

**दैनिक समाचारदाता राजबिराज, ८ असोज ।**

जनता समाजवादी पार्टी नेपालले १७ वटा विभाग गठन गरेको छ । असोज २, ३ र ४ गते पार्टी केन्द्रीय कार्यकारिणी समिति बैठकले विभागलाई पूर्णता दिएको हो ।

आर्थिक विभाग प्रमुख बलराम महतो तोकिएका छन् । विद्यार्थी तथा खेलकुद विभाग प्रमुख विदेश्वरप्रसाद यादव तोकिएका छन् । प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्णबहादुर बस्नेत तोकिएका छन् । उनी यसअघि पनि सोही विभागमा थिए ।

यस्तै सूचना, सञ्चार, विज्ञान तथा प्रविधि विभाग प्रमुख जितेन्द्रकुमार यादव बनेका छन् । अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख अर्जुन थापा बनेका छन् ।

संगठन विभाग, सामाजिक सेवा तथा गैर-सरकारी संस्था विभाग, पार्टी स्कुल तथा प्रशिक्षण विभाग, कृषि तथा भूमि व्यवस्था विभाग, वातावरण तथा विपद् व्यवस्थापन विभाग, कानून विभाग, शिक्षा विभाग, स्वास्थ्य तथा जनसङख्या विभाग, बौद्धिक पेशाकर्मी तथा ट्रेड युनियन विभाग, महिला विभाग, उद्योग, वाणिज्य तथा आपूर्ति विभागमा भने सदस्य मात्रै तोकिएका छन् । प्रमुखहरू तोकिन बाँकी छ ।

## जनमतले पाँच केन्द्रिय नेतासहित ९ जनालाई सोध्यो स्पष्टिकरण

**दैनिक समाचारदाता राजविराज, ८ असोज ।**

जनमत पार्टीले पाँच केन्द्रीय नेतासहित ९ सदस्यलाई सातदिने स्पष्टीकरण सोधेको छ ।

गत असोज ५ गते जिल्ला समन्वय समिति, जलेश्वर, महोत्तरीको हलमा भएको प्रशिक्षण तथा शुभकामना आदान प्रदान कार्यक्रम बिथोल्न खोजेको भन्दै उनीहरूलाई स्पष्टीकरण सोधिएको जनमतले बताएको छ ।

केन्द्रीय सदस्य दिपेन्द्र मधेसी, कोमल यादव, इन्द्रप्रसाद सिंह, सुरेश ठाकुरलाई स्पष्टीकरण सोधिएको छ ।

त्यस्तै जलेश्वर नगरपालिका समितिका सचिव सञ्जित यादव, सन्तोषकुमार मण्डल, रामजीवन साह र सिंहेश्वर मण्डललाई पनि स्पष्टीकरण सोधिएको छ ।

'हो हल्ला गरी कार्यक्रम बिथोल्नु गरेको, गुटबन्दी तथा भाँडभैलो गरेको साथै पार्टीको अहित हुने कार्यमा संलग्न भएको देखिएको हुँदा जनमत पार्टीको बिधानको धारा ३९ (क) को उपधारा १, २, ३, ४, ५, ६, १०, ११ आकर्षित हुने हुँदा तपाईंहरूलाई सधारण सदस्य समेत नरहने गरी किन कारबाही नहुनुपर्ने हो ७ दिनभित्र लिखित स्पष्टीकरण दिनुहुन अनुरोध छ,' जनमतले सार्वजनिक सूचना जारी गर्दै भनेको छ ।

यस्तै केन्द्रीय कार्यकारिणी सदस्य सञ्जयकुमार यादवलाई पनि सात दिने स्पष्टीकरण सोधिएको छ । उनैको इशारामा जलेश्वरको प्रशिक्षण कार्यक्रम बिथोल्न खोजिएको जनमतले आरोप लगाएको छ ।

## मधेसमा दाइजो प्रथा र बालबिवाह न्युनिकरण गरि हटाउनुपर्छ : मन्त्री साह



**दैनिक समाचारदाता राजबिराज, ८ असोज ।**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले मधेसमा भइरहेको दाइजो प्रथा र बालबिवाह सम्बन्धि बिकृतिहरुलाई न्युनिकरण गरि हटाउनुपर्ने बताएका छन् ।

सेभ द चिल्ड्रेन, सबल नेपाको समन्वयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद्ले मंगलबार राजबिराजमा आयोजना गरेको बालबिवाह, उमेर नपुगी हुने विवाह तथा जबरजस्ती हुने विवाह रोकथामका लागि बालसंरक्षण संयन्त्रहरु, स्थानीय सरकार र विभिन्न सरोकारवाला निकाय तथा संघसंस्थाहरुको भूमिकाबारे अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री साहले यस्तो बताएका हुन् ।

उनले मधेसका जिल्लाहरुमा दहेज प्रथा र बालबिवाहको घटनाहरु भइरहेकोले त्यसलाई न्युनिकरण गर्नुपर्नेमा जोड समेत दिए । समाजमा असल नागरिकहरुलाई सजक बनाइ समाजमा भइरहेको भेदभाव र बिभिन्न बिकृतिहरुको अन्त्य गरि बालबिवाह बारे गाउँ/गाउँमा चेतना जगाउनुपर्ने उनको सुझाव थियो ।

"बाल बिवाहले बाल मृत्युदर बढी हुन्छ र यसले कम उमेरमा बच्चा जनमाएमा पनि महिलाहरुलाई स्वास्थ्यमा समेत असर गर्नेगर्छ" मन्त्री साहले भने, "शारीरिक, मानसिक तवरले पनि समस्या हुने गरेकोले त्यसलाई नियन्त्रण गर्नुपर्छ ।"

यस्तै मधेसमा भइरहेको दाइजो प्रथाका कारण अधिकांस परिवार पीडित भइरहेको भन्दै दाइजोमुक्त समाज निर्माण गर्ने तर्फ सबै मिली लाग्नु पर्ने जिकिर गरे । उनले बालबिवाहले महिलाहरुको मृत्युदर बढ्ने देखिएकाले नेपालको कानुन अनुसार उमेर पुगेपछि मात्र बिवाह गर्नुपर्नेमा जोड दिदै छोरीहरुलाई छोरा सरह शिक्षा दिक्षा दिन अभिभावकहरुलाई आग्रह समेत गरे ।

राष्ट्रिय बाल अधिकार परिषदका उपाध्यक्ष बम बहादुर बानियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, जिल्लाका स्थानिय तहका जनप्रतिनिधि, बिभिन्न कार्यालयका कर्मचारी, नागरिक समाज, बुद्धिजिवि, बिभिन्न बालक्लबका बालबालिका तथा पत्रकारहरुको उपस्थित रहेको थियो ।

## पोखरीमा डुबेर बालकको मृत्यु

**दैनिक समाचारदाता राजविराज, ८ असोज ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा मंगलबार पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ ।

वडा नं. ५ स्थित तरहीको पोखरीमा डुबेर जिल्लाकै खड्क नगरपालिका ४ पंसेरा बस्ने ६ बर्षीय जेन्स कुमार चौधरीको मृत्यु भएको हो ।

मृतकका बुवा सुरेन्द्र कुमार चौधरी र उनका पत्नी छोरा समेत जितिया पर्व मनाउन माईती तरही आएको बेला पोखरीमा डुबेर बालको मृत्यू भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

मृतको शवलाई पोष्ट मार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता ढुण्डिराज नेउपानेले जानकारी दिए ।

डेंगी नियन्त्रणका उपाय

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनैपनि खुला भाँडामा पानी जम्न नदिने ।
- लामखुट्टेको टोकाईबाट बच्ने उपायहरू अपनाउने ।
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### संविधानद्वारा प्रदत्त अधिकारको प्रयोग गरौं

नेपालको संविधानले अहिले स्थानीय तहलाई विधायकी, कार्यकारणी र न्यायिक अधिकार दिएको छ । स्थानीय तहहरुले संविधानद्वारा प्रदत्त ती अधिकारहरुको प्रयोग गरी जनताको जनचाहना अनुरुप आफै गर्न सक्छन् । तर स्थानीय तहहरुले आफूलाई प्राप्त अधिकारहरुको पूर्ण प्रयोग गर्न नसकेका कारण विकासका ढोकाहरु अपेक्षाकृत रुपमा खुल्न सकेका छैनन् । नेपाल अहिले संघीय गणतन्त्रात्मक मुलुक भएको छ । यससँगै सिंहदरबारका अधिकारहरु प्रदेश र स्थानीय तहमा विभाजित भएका छन् ।

तर, अहिले पनि अधिकत्तर स्थानीय तहहरु पुरानै शैलीमा काम गरिरहेका छन् । उनीहरु अहिले पनि पुराना मानसिकता भन्दा माथि उठ्न सकेका छैन । विधायकी, कार्यकारिणी र न्यायिक गरी तीन वटै अधिकारहरु स्थानीय तहले प्राप्त गरेपनि यसका बारेमा अधिकांश जनप्रतिनिधिहरु अन्यौलमै रहेको पाइएको छ ।

संविधानद्वारा प्रदत्त तीन वटै अधिकारको प्रयोग गरी जनप्रतिनिधिहरुले समन्वयात्क विकासका लागि आफ्ना पहल र प्रयासहरुलाई अझ सशक्त ढंगले अघि बढाउनुको विकल्प छैन । भौतिक विकासलाई मात्र प्राथमिकतामा राखेर अझै जनप्रतिनिधहरुले अरु कामलाई त्यत्ति ध्यान नदिइहरेको अवस्था विद्यमान छ । तसर्थ जनप्रतिनिधिहरुले आफ्ना अधिकार र त्यसको दायरा बुझ्रेर काम गर्न सकेको खण्डमा स्थानीय तहले विकासमा फड्को मार्ने निश्चित छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# विशिष्टीकृत क्यान्सर उपचार सेवा सञ्चालन

**शरद् शर्मा**
काठमाडौं, ८ असोज (रासस) ।

सानो भवन साधुरो कोठामा खचाखच बिरामीलाई उपचार गराइरहेको दृश्य भक्तपुरको दूधपाटीस्थित भक्तपुर क्यान्सर अस्पतालमा देख्न सकिन्छ । साँधुरो साना–साना कोठामा बिरामीलाई बिशिष्टकृत सेवा प्रवाह गरिरहेको क्यान्सर अस्पतालको भने आफ्नो जग्गा छैन । आफ्नो जग्गा नभएकोले अत्याधुनिक भवनको अभावमा अस्पतालले बिरामीलाई क्यान्सरको गुणस्तरीय सेवा पैदान गर्दै आइरहेको छ । अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उज्ज्वल चालिसेले भक्तपुर अस्पताल र भक्तपुर नगरपालिकाले उपलब्ध गराएको जग्गामा भवन बनाएर सेवा सञ्चालन गरिरहेको बताउनुहुन्छ । “भक्तपुर अस्पताल र भक्तपुर नगरपालिकाको जग्गामा हामीले भवन बनाएर सञ्चालन गरिरहेका छौँ” उहाँले भन्नुभयो, “सरकारसँग जग्गा माग गरिरहेको छौँ । तर पाएका छैनौँ ।”

उहाँले बिरामीलाई सस्तो र विशिष्टकृत सेवा दिइरहेको हुनाले सानोसानो साधुरो कोठामा भए पनि उपचार कक्ष बनाएर सेवा दिने गरेको बताउनुहुन्छ । “अस्पतालमा बिरामीको चाप अत्यधिक रहेको छ । आएका बिरामीको उपचार त गर्नु नै पर्‍यो । शौचालयसमेत फोडेर पनि उपचार कक्ष बनाएका छौं,”उहाँले भन्नभयो, “हामी सारै नै साँघुरो ठाउँमा अस्पताल सञ्चालन गरेका छौं । सरकारले जग्गा उपलब्ध गराउन सक्ने हो भने अस्पताललाई अझ विशिष्टकृत बनाउन सकिन्छ ।” उहाँले सरकारले आफूलाई जग्गा उपलब्ध गराए सेवा विस्तार गरेर क्यान्सर रोगका जस्तोसुकै बिरामीको पनि उपचार स्वदेशमा गराउन सकिने बताउनुभयो । नेपाल अर्बुद रोग निवारण संस्थाले दुई शय्याबाट सुरु भएको अस्पताल अहिले सरकारी स्वामित्वमा एक सय ३० शय्यामा सञ्चालनमा रहेको छ । संस्थाबाट अस्पताल २०७७ सालमा सरकारले विकास समिति गठन आदेश गरेर सरकारको नाममा ल्याएको हो ।

क्यान्सरका सरकारका तीन वटा अस्पतालमध्ये काठमाडौं उपत्यकामा रहेको भक्तपुर अस्पतालमा क्यान्सरका बिरामीको चाप धेरै नै हुने गरेको छ । चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल पनि सरकारी अस्पताल रहेका छन् । तर तीमध्ये काठमाडौं उपत्यकामा रहेको भक्तपुर क्यान्सर अस्पतालमा बिरामीको पहिलो रोजाइ बनेको छ । काठमाडौं आइसकेपछि उपचारका अन्य विकल्प पनि हुने भएकोले बिरामी चितवन र बाँकेको सट्टा भक्तपुर नै आउने गरेका छन् । बिरामीको उपचारलाई ध्यानमा दिएर अस्पतालले हालै मात्र नयाँ अत्याधुनिक सिटी स्क्यान मेसिन, रेडियोथेरापी मेसिन, मोड्लेटर शल्यक्रिया कक्ष थपेको छ । नयाँ २५६ स्लाइस क्षमताको अत्याधुनिक सिटी स्क्यान मेसिनले क्यान्सर कहाँ देखिएको छ भनेर सानासाना ठाउँ पनि पत्ता लगाउने गर्दछ ।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा चालिसेले नयाँ सिटी स्क्यान मेसिन सञ्चालनमा आएसँगै बिरामीलाई सिटी स्क्यान गर्न अयन्त्र जानु नपरेको बताउनुहुन्छ । अस्पतालसँग पहिले १६ स्लाइसको सिटी स्क्यान मेसिन रहेको थियो । “पहिलो एउटा सानो सिटी स्क्यान बिरामीलाई प्रयाप्त सेवा दिन सकेका थिएनौँ” उहाँले भन्नुभयो, “अहिले नयाँ सिटी स्क्यान आइसकेपछि बिरामीलाई दैनिक ३० देखि ३५ जनाको सिटी स्क्यान गर्नसक्ने भएका छौँ ।”

**टिकट लिँदा नै चिकित्सक भेट्ने समय निश्चित**

अस्पतालले बिरामीको समयलाई मध्यनजर गर्दै बहिरङ्ग सेवामा चिकित्सकको जाँच गराउनेका लागि निश्चित समय निर्धारण गरिएको छ । टिकटमा नै कति बजे चिकित्सकलाई भेट्ने भनेर समय तोकिएको हुन्छ । “अहिले पनि बहिरङ्ग सेवा लिन आएका बिरामी टिकटमा नै आधा घण्टाभित्र चिकित्सकलाई देखाउन पाउँछन्” उहाँले भन्नुभयो । अब निश्चित समय तोकेर बिरामीलाई बढीमा १० मिनेट मात्र कुर्ने गरी समय व्यवस्थापन गरिएको अस्पतालले जनाएको छ । अस्पतालले अनलाइन टिकट र परीक्षणको भुक्तानी क्युआरमार्फत तिर्ने व्यवस्था गरेको छ ।

**रेडियोथेरापी र शल्यक्रियाका लागि पालो कुर्नुपर्दैन**

अस्पतालले नयाँ रेडियोथेरापी उपकरण जडान गरेसँगै बिरामी क्यान्सरको उपचार गर्नका लागि पालो कुर्नुपर्ने समस्या पनि हटेको छ । अस्पतालका कार्यकारी निर्देशक डा चालिसेले रेडियोथेरापीका लागि क्यान्सरका बिरामीले लामो समयसम्म पालो पर्खनु नपर्ने बताउनुहुन्छ । “पहिले एउटा रेडियोथेरापी मेसिनले बिरामीले दुई महिनासम्म पालो कुर्नु पर्दथ्यो” उहाँले भन्नुभयो, “तर अहिले नयाँ रेडियोथेरापी मेसिन आएपछि दैनिक बिरामीको रेडियोथेरापी गर्न सक्ने भएका छौँ ।” रेडियोथेरापीले क्यान्सरका कणलाई मार्ने गर्दछ ।

यस्तै अस्पतालले अध्याधुनिक शल्यक्रिया कक्ष सञ्चालनमा ल्याएको छ । अस्पतालका निर्देशक डा चालिसेले थप दुई वटा मोड्लेटर शल्यक्रिया कक्ष निर्माण गरिएको बताउनुभयो । “शल्यक्रिया कक्ष नहुँदा बिरामीको समयमा नै क्यान्सरको शल्यक्रिया गरेर उपचार गर्न सकिएको थिएन” उहाँले भन्नुभयो,“अब पाँच वटा मोड्लेटर शल्यक्रिया कक्ष भएपछि बिरामीले शल्यक्रियाका लागि पालो कुर्नुपर्दैन ।” उहाँका अनुसार पहिले एक डेढ महिना शल्यक्रियाका लागि पालो कुर्नुपर्ने अवस्था रहेको थियो । उहाँले अब ढिलामा एक हप्ताभित्र बिरामीको शल्यक्रिया गरिन्छ ।

**शल्यक्रिया गर्दा नै क्यान्सर पत्ता लगाउने विधि**

अस्पतालमा शल्यक्रिया गर्दा नै क्यान्सरको आशङ्का गरिएमा तुरुन्तै परीक्षण गर्ने विधिसमेत रहेको छ । कार्यकारी निर्देशक डा चालिसले शल्यक्रिया गर्दा क्यान्सरको आशङ्का गरिएको ठाउँको क्यान्सर परीक्षण गर्नका लागि फ्रोजोन सेक्सन उपकरणबाट गरिने बताउनुभयो । “सिटी स्क्यानले सबै क्यान्सर पत्ता लगाउन सक्दैन । सिटी स्क्यानमा देखिएको मासु क्यान्सर हो कि होइन भन्ने कुरा थाहा हुँदैन”, उहाँले भन्नुभयो, “शल्यक्रिया गर्दागर्दै क्यान्सर कहाँसम्म फैलिएको छ भन्ने कुराको जानकारी फ्रोजोन सेक्सनले दिन्छ । फ्रोजोन सेक्सनले परीक्षण परीक्षणबाट क्यान्सर कहाँसम्म फैलिएको भन्ने थाहा हुन्छ र सोही अनुसार क्यान्सरको उपचार गरिन्छ ।” यो प्रविधि भक्तपुर क्यान्सर अस्पतालमा मात्र रहेको छ ।

निजी अस्पतालभन्दा भक्तपुर क्यान्सर अस्पतालमा करिब चार गुणा सस्तो बिरामीको उपचार हुने गरेको अस्पताललको दाबी छ । अस्पतालका कार्यकारी निर्देशक डा चासिलेका अनुसार स्तन क्यान्सरको उपचार बाहिर निजी अस्पतालमा गर्दा करिब पाँच लाख लाग्ने गरेकामा भक्तपुर क्यान्सर अस्पतालमा गर्दा एक लाख रुपियाँसम्म लाग्ने गर्दछ ।

यस्तै रेडियोथेपारी बाहिर निजी अस्पताल गराउँदा पाँच लाख रुपियाँसम्म लाग्ने गरेकामा अस्पतालमा भने एकदेखि एक लाख ५० हजारमा गरिन्छ । अस्पतालका लागि एमआरआई, रगत क्यान्सर रोगको उपचारका लागि बोन म्यारो प्रत्यारोपण जस्ता सेवा थप्न सके बिरामीलाई अझ उपचार दिन सकिने उहाँको भनाइ रहेको छ ।

**कर्मचारीको वृत्ति विकास बढ्ने**

सरकारले हालै अस्पताल विकास समिति विकास समिति गठन आदेश २०७७ मा गरेको संशोधन गरेपछि त्यहाँ रहेका कर्मचारीको वृत्ति विकास बढ्ने भएको छ । नेपाल अर्बुद रोग निवारण संस्थाबाट सरकारले आफैँ सञ्चालन गरेको अस्पतालका तीन सय बढी कर्मचारी संशोधन अभावमा नियमावली बन्न नसक्दा वृत्ति विकासबाट वञ्चित हुँदै आएका थिए ।सरकारले अस्पतालको स्वामित्व ग्रहण गर्नुअघि स्थायी कर्मचारीलाई २०७७ को गठन आदेशले करारमा राख्ने व्यवस्था गरेको थियो । पहिले स्थायी रहेर पनि करारमा परिणत भएका कर्मचारी अब स्थायी हुनेछन् । साथै, अब नयाँ नियमावलीअनुसार नयाँ करार कर्मचारीलाई लोक सेवामार्फत स्थायी हुने बाटोसमेत खुलेको छ ।

अस्पतालमा दैनिक पाँच सय जना उपचारमा आउने गर्दछन् । गत आर्थिक वर्षमा ९५ हजार पाँच सय चार जनाको उपचार गरिएको थियो । तीमध्ये दुई हजार ५०५ जनाको शल्यक्रिया गरेर क्यान्सरको उपचार र एक हजार ४० जनाको रेडियोथेरापी विधिबाट क्यान्सरको उपचार गरिएको थियो । कार्यकारी निर्देशक डा चालिसेले जग्गा, विशेषज्ञ चिकित्सक र शय्याको अभावले कारणले अस्पतालको क्षमता बढाउन नसकिएको बताउनुभयो । सरकारले अस्पताललाई जग्गा उपलब्ध गराए तीन सय शय्याको सञ्चालन गर्ने तयारी रहेको छ ।

**समयमा नै उपचार गरे निको हुन्छ**

क्यान्सर रोग विशेषज्ञसमेत रहनुभएका डा चालिसेले समयमा नै क्यान्सर पहिचान गर्नसके निको हुने बताउनुहुन्छ । उहाँका अनुसार क्यान्सरका चार चरण (स्टेज) मध्ये शून्यदेखि तीन स्टेजसम्मको क्यान्सर केही हदसम्म निको पार्न सकिने बताउनुभयो । अस्पतालमा आएका धेरै बिरामी निको भएर घर फर्किएको अस्पतालको दाबी रहेको छ । पहिलो चरणमा बिरामीले क्यान्सर भएको थाहा पाएमा ९० प्रतिशत निको हुने, दोस्रो चरणमा ७० प्रतिशत र तेस्रो चरणमा प्रवेश गरेको क्यान्सरको उपचार गर्दा ५० प्रतिशत निको हुने सम्भावना रहने भक्तपुर क्यान्सर अस्पतालका क्यान्सर रोग विशेषज्ञ डा चालिसेले जानकारी दिनुभयो । उहाँ जति छिटो रोग पत्ता लगाउन सक्यो त्यति नै चाँडो उपचार गरेर निको हुने बताउनुहुन्छ ।

नेपालमा बर्सेनी २५ हजार क्यान्सरका नयाँ बिरामीको पहिचान हुने भन्दै करिब १५ हजारको यस रोगबाट मृत्यु हुने गरेको सरकारी तथ्याङ्क छ । सबैभन्दा बढी फोक्सो र दोस्रोमा महिलाको पाठेघरको मुखमा हुने क्यान्सर रहेको छ । त्यसपछि क्रमशः स्तन क्यान्सर, पेटको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर र रगतको क्यान्सर हुने गर्दछ । नेपालमा फोक्सोको क्यान्सरबाट सबैभन्दा धेरैले ज्यान गुमाउने गरेका छन् । अत्यधिक धूमपान तथा मद्यपान र सूर्तीजन्य पदार्थको सेवन, खानपिन, जीवनशैली, आराम, विकीरणको प्रभाव, जीवाणुको तथा, वंशाणुका कारण पनि धेरै क्यान्सरका रोगी बनेका छन् ।

# बढ्दो महिला हिंसा, हत्या र रोकथामका उपाय

**शोभा अधिकारी**

काठमाडौं, ८ असोज (रासस) ।

समाजमा जीउ नै सिरिङ्ग हुने खालका महिला हिंसाका घटनाहरू बढिरहेका छन् । महिला हिंसा एक संवेदनशील र गम्भीर सामाजिक समस्या बनेको छ । नेपाललगायत विश्वभर नै डरलाग्दा महिला हिंसा र हत्याका घटना दिन प्रतिदिन वृद्धि भइरहेका छन् । यसले समाजको नैतिकता, कानुनी व्यवस्था र मानव अधिकारलाई चुनौती दिएको छ । यो समस्या सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक समस्याको परिणाम हो । घरेलु हिंसा, यौन हिंसा, दाइजोको कारण हत्या, मानव तस्करी, जबर्जस्ती विवाह तथा अन्य प्रकारका हिंसाहरूले महिलाको जीवनमा गहिरो प्रभाव पारेका छन् । विश्वभर नै महिला हिंसाका घटनाहरू विकराल बन्दै गइरहेका छन् । बलात्कार, हत्या, अपमान, घरेलु हिंसा र अन्य प्रकारका दुर्व्यवहारहरूले महिलाको जीवनलाई प्रत्यक्ष रूपमा असर पुऱ्याएको छ । महिला हिंसा रोक्न तत्काल कदम चालिएन भने यसले घर, समाज र राष्ट्रमा नै अझ भयावह रूप लिन सक्छ ।

महिला हिंसा र हत्याका घटनाहरू बढ्दै जानुका कारणहरू विभिन्न छन् । हाम्रो समाजमा अझै पनि पुरुषलाई महिलाभन्दा उच्च स्थानमा राख्ने पितृ सत्तात्मक सोच हावी छ । महिलालाई पुरुषभन्दा कमजोर, अधीनस्थ र नियन्त्रण गर्ने मानसिकताले महिला हिंसा बढेको छ । समाजमा महिलालाई सम्पत्ति वा वस्तुका रूपमा हेर्ने प्रवृत्तिले हिंसालाई मलजल गरेको छ । महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर नभएर पुरुषहरूमा निर्भर हुँदा र अशिक्षाको कारण उनीहरूको सामाजिक र पारिवारिक स्थिति कमजोर हुन्छ । कमजोर आर्थिक स्थितिका कारण त्यहाँ झैझगडा, बेमेल र द्वन्द्वका कारणले पनि महिलाहरू माथि हिंसा हुने गर्दछ । ग्रामीण क्षेत्रमा अझै पनि महिलाहरू शिक्षाको पहुँचबाट वञ्चित छन् । उनीहरूमा आफ्नो हक, अधिकार र कर्तव्यहरूको ज्ञान हुँदैन । यसले गर्दा हिंसा र दुर्व्यवहार सहनुपर्ने अवस्था रहेको छ ।

केही सांस्कृतिक परम्पराहरूले महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गर्दछन् । धेरै समाजमा महिलामाथि हुने हिंसालाई सामान्य र सहज रूपमा लिइन्छ र त्यसलाई परम्परागत रूपमा मान्यता दिने गरिएको छ । श्रीमान श्रीमतीको झगडा परालको आगो जस्तै हो भने झैझगडा, कुटपिट, अन्य अत्याचार महिलामाथि हुँदा पनि सामान्य मानिन्छ । यस्तो सामाजिक व्यवहारले पनि समस्यालाई अझ गम्भीर बनाएको छ । विशेषगरी दाइजो प्रथा, बोक्सी प्रथा र छाउपडीजस्ता कुप्रथाहरूका कारण पनि महिलाहरू माथि अन्याय, अत्याचार, अपमान, मानसिक तथा भावनात्मक यातना, कुटपिट, हिंसा र हत्याका घटनाहरू बढिरहेका छन् ।

अर्को प्रमुख कारण कानुनी कार्यान्वयनमा कमजोरी हो । कानुनहरू बनेका भए पनि ती कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, दोषीलाई सजाय नहुनुले महिला हिंसालाई बढावा दिइरहेको छ । प्रहरी प्रशासनमा लैङ्गिक संवेदनशीलताको अभाव, राजनीतिक दबाव, शक्तिको दुरुपयोग आदिले पनि पीडित महिलाहरूले न्याय पाउन सकेका छैनन् । कतिपय ठाउँमा पीडितले न्याय पाउनुको साटो पीडकले छुट पाएको पाइन्छ । यसले गर्दा पीडितले झन् असुरक्षित महसुस गर्नुपरेको छ । क्रूर रूपमा पशुसरह हत्या गरिएका घटनाहरू बाहिरिरहेका छन् । यस्ता घटनाहरूले महिलाहरूको मानसपटलमा थप डर, त्रास र भय सिर्जना गरेको छ ।

महिलामाथि हुने हिंसा र हत्याका घटना न्यूनीकरण र रोकथामका उपायहरू छिटोभन्दा छिटो अवलम्बन गर्नुपर्ने आजको आवश्यकता हो । कानुन बाहिर मात्र पुगेर हुँदैन, महिला हिंसा वृद्धि भएका कानुनहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ । महिलामाथि भएका सबै प्रकारका अपराधका दोषीहरूलाई कडा सजायको व्यवस्था गरी कानुनी कठघरामा उभ्याउनु पर्दछ । दोषी कुनै पनि रूपमा उम्कने वातावरण सिर्जना हुन दिनु हुँदैन । हिंसाका घटनाहरूमा छिटोछरितो कानुनी प्रक्रिया पूरा गरी पीडितलाई न्याय दिलाउन सबै पक्षबाट सहयोग र ध्यान दिनुपर्छ । पीडितले तुरुन्त न्याय पाउन सक्ने कानुनी सहायता र सुरक्षा प्रणाली सुनिश्चित गर्नुपर्दछ ।

महिला हिंसा रोक्नका लागि महिलाहरूलाई प्राथमिकता दिँदा उनीहरूले आफ्नो अधिकारको पहिचान गर्न सक्छन् । हिंसा, अन्याय, अत्याचार विरुद्ध लड्न सक्षम हुन्छन् । महिलालाई रोजगारीका अवसर र सीपमूलक तालिमहरू दिएर आर्थिक रूपमा सक्षम र सबल बनाउनुपर्छ । आर्थिक सशक्तीकरणले महिलाहरूको मनोबल वृद्धि भई हिंसाविरुद्ध आवाज उठाउन सक्छन् । सबै खाले हिंसाविरुद्ध व्यापक सामाजिक जागरण अभियान आवश्यक छ । टोल, गाउँ, नगर, विद्यालय र सार्वजनिक ठाउँहरूमा महिला हिंसाविरुद्धका जनचेतनामूलक कार्यक्रम चलाएर समाजलाई शिक्षित बनाउनुपर्छ । मिडिया, कला, साहित्य र सामाजिक संस्थाहरूको माध्यमबाट महिला हिंसाको प्रभावकारी चेतना फैलाउन सकिन्छ । महिला हिंसा समुदायको ठूलो समस्या हो । यसलाई समाधान गर्न समुदायको सक्रिय भूमिकाको आवश्यकता छ । सामाजिक, धार्मिक र राजनीतिक नेताहरूले हिंसाविरुद्ध एकजुट भएर बोल्नुपर्छ । स्थानीय तह र समुदायमा हिंसाका घटनालाई रिपोर्ट गर्न र तुरुन्तै कारबाही गर्न सहकार्य गर्नुपर्छ ।

हिंसाका सिकार भएका महिलाहरूलाई मनोवैज्ञानिक, कानुनी र सामाजिक सहयोग प्रदान गर्न सरकार र गैरसरकारी संस्थाहरूले पुनःस्थापनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । सङ्कटमा परेका महिलाहरूलाई आश्रय, कानुनी सहायता तथा पुनःस्थापनाको व्यवस्था गर्न आवश्यक छ । हिंसा भएको सूचना परिवार र समाजमा आएपछि पीडित र पीडकलाई सँगै राखेर मेलमिलाप गराउँदा खतरा हुन सक्छ । त्यसैले बढी नै संवेदनशील भएका हिंसाका घटनामा पीडित र पीडकलाई सँगै राख्न मिल्दैन । छोरी, दिदीबहिनीको विवाह गरिदिएपछि सबै दायित्व सकियो भने झैं माइती पक्षको सोचमा पनि परिवर्तन ल्याउनुपर्ने देखिन्छ । यदि छोरी दिदीबहिनीहरूले घरमा असुरक्षाको महसुस गरे भने माइती पक्षले पनि इज्जत र प्रतिष्ठाको सवाल उठाएर मिलाउन मात्र खोज्नु हुँदैन, पीडितलाई आश्रय पनि दिनुपर्छ । महिलाहरूले पनि हिंसामा परेपछि चुप लागेर सहनु हुँदैन, सुरक्षित तवरले घटनालाई बाहिर ल्याउनुपर्छ ।

महिला हिंसाविरुद्ध प्रविधिको प्रभावकारी प्रयोग हुनसक्छ । आपत्कालीन अवस्थामा महिलाहरूलाई मद्दत पुऱ्याउन र प्रहरी तथा अन्य सहायता सेवासम्म पुग्न सहज बनाउन मोबाइल एपहरू, हेल्पलाइनहरू र डिजिटल प्लेटफर्महरू सञ्चालन गर्न सकिन्छ । महिला हिंसाका दोषीलाई कडा सजाय दिनुपर्छ, ताकि यसले अन्यलाई चेतावनीको काम गरोस् । हिंसामा संलग्नलाई कानुनको डर हुन आवश्यक छ । बोक्सी, दाइजो र छाउपडी प्रथाजस्ता हानीकारक सांस्कृतिक परम्पराहरू अन्त्य गर्न स्थानीय स्तरमा जनचेतना कार्यक्रमहरू चलाउन जरुरी छ । परम्परागत सोचलाई सुधार्नका लागि धार्मिक अगुवाहरू, सामुदायिक नेताहरू र शिक्षकहरूको सहयोगमा विशेष अभियान चलाउन आवश्यक छ । महिला हिंसा र हत्या एक गम्भीर मानव अधिकारको उल्लङ्घन हो । यसको रोकथामका लागि कानुनको कार्यान्वयन, महिला सशक्तीकरण र सामाजिक, शैक्षिक तथा आर्थिकस्तरमा सशक्त कदम चाल्न आवश्यक छ । समाजमा महिलालाई सुरक्षित, सम्मानीत, समानता, न्याय र अवसर प्रदान गर्न प्रत्येक व्यक्ति, परिवार, समुदाय र देशका तर्फबाट पहल गर्नुपर्छ । यसो गर्न सकेमा न्यायपूर्ण, विकसित, सभ्य र अनुशासित तथा भयरहित समाज निर्माण गर्न सक्षम हुनेछौं । *(लेखक नेपाली कांग्रेस गण्डकी प्रदेश शिक्षा, विज्ञान प्रविधि विभाग प्रमुख हुनुहुन्छ)*


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**शम्भुनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सप्तरी**


## विश्व समाचार

### श्रीलङ्काको नयाँ वामपन्थी सरकारसँग वार्ता गर्न आइएमएफ तयार

कोलम्बो, ८ असोज (रासस/एएफपी) ।

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) का प्रवक्ताले श्रीलङ्काका लागि आफ्नो विवादास्पद दुई अर्ब ९० करोड डलरको उद्धार कार्यक्रमबारे मुलुकको नयाँ सरकारसँग छलफल गर्न तयार रहेको बताएका छन् । सोमबार मुलुकको पहिलो वामपन्थी राष्ट्रपतिका रूपमा सपथ लिनुभएका अनुरा कुमारा दिसानायकाले अलोकप्रिय कटौती उपायहरू ल्याएको उक्त सम्झौताबारे पुनः वार्ता गर्न चाहेको बताउनुभएको थियो । "श्रीलङ्कालाई आर्थिक पुनरुत्थानको मार्गमा लैजान सहयोग गरेको कठोर परिश्रमबाट हासिल गरिएका उपलब्धिहरूलाई अगाडि बढाउने दिशामा हामी राष्ट्रपति दिसानायकासँग मिलेर काम गर्न तयार छौं", वासिङ्टनस्थित आइएमएफका एक प्रवक्ताले उद्धार कार्यक्रमको आवधिक समीक्षालाई सन्दर्भ गर्दै सोमबार भने, "हामी नयाँ सरकारसँग आइएमएफ-समर्थित कार्यक्रमको तेस्रो समीक्षाको समयबारे सकेसम्म चाँडै छलफल गर्नेछौं ।"निर्वाचनको एक दिनपछि नयाँ राष्ट्रपतिका वरिष्ठ सहयोगी विमल रत्नायकेले आफ्नो पिपुल्स लिबरेसन फ्रन्ट पार्टीले सम्झौताई 'नच्यात्ने' बताउनुभयो । "हामी आइएमएफ कार्यक्रमलाई च्यात्दैनौं, यो बाध्यकारी दस्तावेज हो तर पुनः वार्ता गर्ने प्रावधान छ", उहाँले भन्नुभयो । दिसानायकाले पदभार ग्रहण गर्नुभएको दिन सोमबार श्रीलङ्काको सानो सेयरमा बजार कारोबारको पहिलो केही मिनेटमै तीव्र गिरावट आयो तर चाँडै यसमा सुधार भयो र दिनको अन्त्यमा मुख्य सबै सेयर सूचकाङ्क एक दशमलव १९ प्रतिशतले बढ्यो । दिसानायकाले आफ्ना पूर्ववर्ती रनिल विक्रमासिङ्घेले दोब्बर बनाउनुभएको आयकरलाई घटाउने र खाद्यान्न तथा औषधि बिक्री कर पनि कटौती गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । रत्नायकेले भन्नुभयो, "हामी ती कटौतीहरूलाई कार्यक्रममा समावेश गर्न र चार वर्षे उद्धार कार्यक्रमलाई निरन्तरता दिन सक्छौं भन्ने हामीलाई लागेको छ ।" दिसानायकाका प्रतिद्वन्द्वीहरूले उहाँको मार्क्सवादी पार्टीले आइएमएफ कार्यक्रमलाई रद्द गर्ने र मुलुकलाई सन् २०२२ को अराजकताजस्तै आर्थिक सङ्कटमा धकेल्ने आशङ्का व्यक्त गरेकाथिए ।

### सिमेन्टमा जमेको अवस्थामा १६ वर्षपछि दक्षिण कोरियाली महिलाको शव फेला

सोल, ८ असोज (रासस/एएफपी) ।

दक्षिण कोरियाली एक पुरुषले १६ वर्षअघि आफ्नी प्रेमिकाको हत्या गरेको र उनको शवलाई आफ्नो बालकोनीमा सिमेन्टको तहमुनि गाडेको स्वीकार गरेपछि उनलाई पक्राउ गरिएको प्रहरीले मङ्गलबार बताएको छ । ग्योङ्गनाम प्रान्तीय प्रहरी र गेओजे प्रहरी चौकीका अनुसार हाल ५० वर्ष उमेरका ती पुरुषलाई सन् २००८ अक्टोबरमा एउटा झगडाका क्रममा महिलाको हत्या गरेको आरोप लगाइएको छ । प्रहरीका अनुसार उनले महिलालाई कुनै भुत्ते हतियारले प्रहार गरी हत्या गरे र उनको शरीरलाई एउटा ठूलो यात्रा झोलामा राखे । त्यसपछि उनले शवलाई आफ्नो बालकोनीमा ईंटा थुपारेर १० सेन्टिमिटर मोटो सिमेन्टको तह खन्याएर लुकाए । ती महिला आफ्नै परिवारसँग सम्पर्कमा नभएकाले तीन वर्षपछि मात्र हराएको रिपोर्ट गरिएको थियो । सन् २०११ को हराएको व्यक्तिको जाँचका क्रममा ती पुरुषले प्रहरीलाई उनीहरूको 'ब्रेकअप' भएको बताएका थिए र प्रमाणको अभावमा मुद्दा सुल्झिएको थिएन । शवलाई सानो बालकोनीको स्थानमा फिट गरिएको र त्यो कोठा 'सन् २०१६ देखि लगभग खाली' रहेकाले शवको खोजी पहिले नगरिएको एक प्रहरी अधिकारीले पत्रकारहरूलाई बताए । त्यस वर्ष अपराधीलाई लागूऔषध प्रयोग गरेको आरोपमा पक्राउ गरिएको थियो र घरधनीले उक्त सम्पत्ति भण्डारण स्थानका रूपमा प्रयोग गरिएको बताएका थिए । गत महिना पानी चुहावटको खोजी गर्दा एक कामदारले यात्रा झोला फेला पारेपछि शव फेला परेको थियो । निरीक्षण गर्दा प्रहरीले महिलाको शव 'केही हदसम्म संरक्षित भएको पाएको थियो । "शरीर पूरै रूपमा हाडखोरमा परिणत नभएकाले हामीले औंठाछापमार्फत उनको पहिचान गर्न सक्यौं", प्रहरीले भनेको छ । ती पुरुषलाई सोधपुछका लागि ल्याइएपछि अन्ततः उनले हत्या स्वीकार गरेका थिए । प्रहरीले ती पुरुषलाई 'अभियोजनका लागि पठाइने' बताएको छ ।

### पोपद्वारा सु कीलाई शरण दिने प्रस्ताव

भ्याटिकन सिटी, ८ असोज (रासस/एएफपी) ।

पोप फ्रान्सिसले हिरासतमा रहनुभएकी म्यान्माकी पूर्वनेता आङ सान सु कीलाई भ्याटिकन क्षेत्रमा शरण दिने प्रस्ताव गर्नुभएको इटालेली सञ्चारमाध्यमले मङ्गलबार बताएको छ । "मैले आङ सान सु कीको रिहाइको माग गरें र रोममा उहाँको छोरालाई भेटें, मैले उहाँलाई हाम्रो क्षेत्रमा शरण दिनका लागि भ्याटिकनलाई प्रस्ताव गरेको छु", पोपले यसै महिनाको सुरुमा एसियाको भ्रमणका क्रममा जेसुइट (रोयल क्याथोलिक समाजका सदस्य) हरूसँगको बैठकको विवरणअनुसार भन्नुभयो । कोरिएरे डेला सेरा दैनिकले प्रकाशित गरेको इटालेली पादरी एन्टोनियो स्पाडारको लेखमा सेप्टेम्बर २ देखि सेप्टेम्बर १३ सम्म इन्डोनेसिया, पूर्वी टिमोर र सिङ्गापुरमा भएका यी निजी बैठकहरूका अंश दिइएको छ । "हामी म्यान्माको अवस्थाबारे चुप लागेर बस्न सक्तैनौं, हामीले केही गर्नुपर्छ", पोपले भन्नुभयो, "तपाईंको देशको भविष्य शान्तिपूर्ण हुनुपर्छ, सबैको मर्यादा र अधिकारको सम्मान तथा सामान्य हितमा योगदान दिन सबैलाई सक्षम बनाउने लोकतान्त्रिक प्रणालीको सम्मानमा आधारितहुनुपर्छ ।" भ्रष्टाचारदेखि कोभिड महामारी प्रतिबन्धको सम्मान नगरेको जस्ता आरोपहरूमा ७८ वर्षीया सु कीले २७ वर्षको जेल सजाय भोग्दै हुनुहुन्छ । सन् २०१५ मा उहाँको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले म्यान्माको २५ वर्षपछि भएको पहिलो लोकतान्त्रिक निर्वाचन जितेको थियो । सन् २०२१ मा सैन्य कु हुँदा उहाँलाई पक्राउ गरिएको थियो र स्थानीय सञ्चारमाध्यमका अनुसार हिरासतमा उहाँ स्वास्थ्य समस्याबाट पीडित हुनुहुन्छ । सन् १९९१ को नोबेल शान्ति पुरस्कार विजेता सु कीलाई कुनै समय मानवाधिकारको प्रतीकका रूपमा प्रशंसा गरिन्थ्यो । तर सन् २०१७ मा मुलुकको मुख्य रूपमा रोहिङ्ग्या अल्पसङ्ख्यकमाथि सेनाको दमन रोक्न केही नगरेको आरोप लागेपछि उहाँ अन्तर्राष्ट्रिय समर्थकहरूको नजरमा बदनाम हुनुभयो । छिमेकी मुलुक बङ्गलादेशमा रोहिङ्ग्या शरणार्थीहरूका अनुसार यो दमन संयुक्त राष्ट्रसङ्घको चलिरहेको नरसंहारको विषय हो र उत्पीडन अहिले पनि जारी छ । मुख्य रूपमा बौद्ध धर्मावलम्बी म्यान्मा सन् २०२१ को कूदेखि अशान्त छ । यहाँ जुन्ता सरकार स्थापित जातीय विद्रोही समूहहरू र नयाँ प्रजातन्त्र समर्थक शक्तिहरू दुवैसँग लडिरहेको छ ।

# त्रिविको जुनसुकै परिक्षामा एआई प्रयोगमा निषेध

काठमाडौं, ८ असोज (रासस)।

त्रिभुवन विश्वविद्यालय (त्रिविवि)ले विश्वविद्यालयद्वारा सञ्चालित जुनसुकै तहको परीक्षामा 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई)को प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुने जनाएको छ। त्रिविवि परीक्षा सुधार समितिका अध्यक्ष एवं शिक्षाध्यक्ष प्राडा खड्क केसीको अध्यक्षतामा सोमबार भएको बैठककाले सो निर्णय गरेको हो।

त्रिविविका शिक्षाध्यक्ष केसी प्रविधिको भर पर्दा विद्यार्थीमा पठन संस्कृति कमजोर हुने तथा चोर्ने प्रवृत्ति देखिएकाले परीक्षामा त्यस्ता प्रविधिको प्रयोगमा निरुत्साहित गर्ने उद्देश्यका साथ विद्यार्थीलाई सूचित गरिएको बताउनुहुन्छ। एआईका कारण विद्यार्थीको मौलिकता र सिर्जनाशीलता कमजोर हुँदै गएको तथा पढ्ने संस्कृतिलाई निरुत्साहित गरेको त्रिविको बुझाइ छ।

"विद्यार्थीमा पढ्ने संस्कृति कमजोर भयो, परीक्षामा पढ्ने नभई चोर्ने प्रवृत्ति बढेको, पठनपाठन गर्ने विषयलाई प्रोत्साहित तथा प्रविधिको दुरुपयोगलाई दुरुत्साहित गर्ने उद्देश्यले विद्यार्थीलाई सचेत गराउने ढङ्गबाट सूचना जारी गरिएको हो", उहाँले भन्नुभयो।

त्रिविविका परीक्षा मोबाइल, स्मार्टवाचलगायत विद्युतीय सामग्रीको प्रयोगमा पूर्णतः रोक लगाइएको भए पनि कतिपय परीक्षा केन्द्रमा परीक्षार्थीले प्रविधिको प्रयोग गरी चोरी गर्ने गरेको सूचना पाइएकाले विद्यार्थीलाई सचेत गराइएको शिक्षाध्यक्ष केसीले राससलाई बताउनुभयो।

यसैबीच, विश्वविद्यालयले मानविकी तथा सामाजिक शास्त्र, शिक्षा, व्यवस्थापन, कानुन सङ्काय र विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गतका विद्यार्थीका हकमा बार्षिक प्रणालीअन्तर्गत २०५८ देखि र सेमेस्टर प्रणालीअन्तर्गत २०६९ देखिका समयसीमा पार गरेका परीक्षार्थीलाई एक पटकका लागि मौका परीक्षाको अवसर दिइएको जनाएको छ।

# कोशी प्रदेश सरकारले जनतासँग प्रदेश सरकार कार्यक्रम सञ्चालन गर्ने

मोरङ, ८ असोज (रासस)।

कोशी प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले 'जनतासँग कोशी प्रदेश सरकार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१' स्वीकृत गर्ने निर्णय गरेको छ।

प्रदेशका मुख्यमन्त्री हिक्मकुमार कार्कीको अध्यक्षतामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा बसेको बैठकले आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरको संयोजकत्वमा राजनैतिक तथा प्रशासनिक समिति, आन्तरिक मामिला तथा कानुनमन्त्री लिला बल्लभ अधिकारीको संयोजकत्वमा कानुन, न्याय तथा प्रदेश मामिला समिति र भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति मन्त्रिपरिषद्स्तरीय समिति गठन गरिएको प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री अधिकारीले जानकारी दिनुभयो।

प्रदेश सिँचाइ नियमावली, २०८१ लाई कानुन, न्याय तथा प्रदेश मामिला समितिमा पेस गर्ने निर्णय गरिएको छ। कोशी प्रदेश नवीकरणीय ऊर्जा नीति, २०८१ स्वीकृत गर्ने, एसियाली विकास बैङ्कको ऋण सहयोगमा र 'साउदी फन्ड फर डेभलेप्मेन्ट'को सहलगानीबाट कार्यान्वयन हुने अत्याधुनिक सिँचाइ परियोजनाका लागि वार्ता र सहमति गर्न स्वीकृति दिने, जलवायु अनुकुलित बृहत् खानेपानी आयोजनामा कार्यरत ३३ कर्मचारीको आर्थिक वर्ष २०८१/८२ को अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरिएको छ।

नेपाल स्वास्थ्य सेवा, एघारौं तहका निर्देशक डा वीरेन्द्रकमार मण्डललाई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट जिल्ला अस्पताल उदयपुरमा कामकाज, प्रदेश स्वास्थ्य सेवा, दशौं तहका वरिष्ठ जनस्वास्थ्य प्रशासक डा ज्ञानबहादुर बस्नेतलाई प्रदेश स्वास्थ्य निर्देशनालय, धनकुटाबाट प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा सरुवा, प्रदेश स्वास्थ्य सेवा दशौं तहका वरिष्ठ जनस्वास्थ्य प्रशासक डा सुरेश मेहतालाई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटा सरुवा गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता मन्त्री अधिकारीले जानकारी दिनुभयो।

# गर्मीका कारण महोत्तरीका विद्यालय धमाधम बन्द

महोत्तरी, ८ असोज (रासस)।

विगत एक सातादेखि अचानक गर्मी बढेपछि जिल्लाका अधिकांश विद्यालय तथा क्याम्पस बन्द गरिएका छन्।

बिहानैदेखि चर्को घाम र तातो हावा चल्न थालेपछि जिल्लाका चार स्थानीय तहहरूले मंगलबारदेखि चार दिनका लागि विद्यालय बन्द गरेका छन्। अन्य स्थानीय तहले पनि बन्द गर्ने तयारी गरेका छन्। ४० देखि ४४ डिग्रीसम्म तापक्रम पुगेपछि सदरमुकाम जलेश्वर नगरपालिकाले नगरक्षेत्रका सबै २९ वटा सामुदायिक एवं धार्मिक विद्यालयहरू मंगलबारदेखि लागू हुनेगरी चार दिनका लागि बिदा दिएको नगर प्रमुख सुरेश साह सोनारले बताउनुभयो।

मनरासिस्वा नगरपालिकाले पनि आउँदो शनिबारसम्मका लागि सबै २३ वटा सामुदायिक, धार्मिक तथा मदर्सामा बिदा दिएको नगरप्रमुख मोहन पाण्डेले जानकारी दिनुभयो। महोत्तरी गाउँपालिकाले मंगलबारदेखि सबै सामुदायिक विद्यालयहरूमा शनिबारसम्मका लागि बिदा दिएको छ।

बर्दिबास नगरपालिकाले गर्मीलाई दृष्टिगत गरी मंगलबारदेखि चार दिनका लागि नगरभित्रका विद्यालयहरूमा पठनपाठन बन्द गरेको नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले बताउनुभयो। जलेश्वरस्थित रामनन्दन विशेश्वर महेन्द्र क्याम्पसमा पनि बिदा दिइएको क्याम्पस प्रमुख अजयकुमार झाले बताउनुभयो। गर्मीकै कारण सदरमुकाम जलेश्वरस्थित प्रादेशिक अस्पतालमा ज्वरो, रुघाखोकी, झाडापखाला र टाइफाइडजस्ता बिरामीहरूको चाप बढेको छ।

# २०५८ सालदेखिका परीक्षार्थीका लागि मौका परीक्षा


**दैनिक समाचारदाता**
**राजविराज, ८ असोज।**

त्रिभुवन विश्वविद्यालये २०५८ सालदेखिका परीक्षार्थीका लागि मौका परीक्षा सञ्चालन गर्ने भएको छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईको आग्रह पछि त्रिभुवन विश्वविद्यालयले मंगलबार गोरखापत्र दैनिकमा एक सूचना प्रकाशित गरेर सो जानकारी गराएको हो।

त्रिभुवन विश्वविद्यालय परीक्षा सुधार समितिका अध्यक्ष एवम् शिक्षाध्यक्ष प्राध्यापक डाक्टर खड्ग केसीको अध्यक्षतामा समितिको २०८१ असोज सात गते बसेको बैठकले मौका परिक्षाको व्यवस्था गर्ने निर्णय गरेको प्रकाशित सूचनामा उल्लेख छ।

प्रकाशित सूचनामा मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, शिक्षा, कानुन, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका बि. स.२०५८ साल देखीका वार्षिक प्रणाली अन्तर्गत र २०६९ साल देखिका सेमेस्टर प्रणालीका विद्यार्थीको लागि एकपटक मौका परीक्षा सञ्चालन गर्ने भएको उल्लेख छ।



भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी भूमिसुधार शाखा रा.वि.बाट जारी भएको जि.स.

साविक गा.वि.स.। न.पा. ........ वडा नं. १ हाल ........ गा.पा. न.पा. ........ वाडा नं. ६ बसने ........ को छोरा/पत्नी प्रतिवादी श्री ........ को नाममा इतलायनाभा ........ उप्रान्त जिल्ला सप्तरी ........ साविक. गा.वि.स.। न.पा. ........ वडा न. १ हाल गा.पा.। न.पा. ........ वडा न. ४ बस्ने श्री ........ ले तपाईको नाउँमा मिति ........ मा ........ गरी पाउँ मुद्दामा यस अड्डामा ........ दिएकोले तपाईको नाउँमा यो म्याद जारी गरिएको छ। यो म्याद पाएको वा घरदैलोमा टाँस भएको मितिले बाटो बाहेक १५ (पन्द्र) दिन भित्र यस अड्डामा हाजिर हुन आफै आउनु वा कानून बमोजिम वारिस वा कानुन व्यावसायी पठाउनु होला। ऐन बमोजिम पुर्पक्ष हुनेछ। आफ्नो लिखित प्रमाण साथ दाखिला गर्न नसकिऐ.ऐन बमोजिम हुनेछ। यसमा आफू पनी आउनु भएन वारिस वा ब्यावसायी पनि पठाउनु भएन भने कानुन बमोजिम निर्णय हुनेछ। पछि तपाईको उजुर लाग्ने छैन। फिराद पत्र नक्कल यसै साथ छ।

इति सम्वत २०८१ साल ९ गते १६ रोज शुभम्।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**रुपनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**छिन्नमस्ता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*